# ङादी ग्रुप पावर लि.

केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौ ।

फोन नं. ०१-५७०५१५९, ५७०५६०८

# आठौं वार्षिक साधारण सभा सम्वन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०५/०१**

**श्री शेयरधनी महानुभावहरू,**

मिति २०७८।०४।३२ मा सम्पन्न संचालक समिति बैठकको निर्णय बमोजिम यस ङादी ग्रुप पावर लि.को आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७८/०६/०३, आइतबार । (तद्अनुसार १९सेप्टेम्बर २०२१)
स्थान : क्विन्स क्याफे, अनामनगर, काठमाडौं ।
समय : विहान ९:०० बजे ।

**छलफलका लागि प्रस्तावित विषयहरू :**

**(क) सामान्य प्रस्तावहरू:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७७।०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७।०७८ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरि पारित गर्ने ।

(३) आ.व.२०७८।०७९ को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री आइपि मैनाली एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिको लागि योग्य रहनु भएको)

(४) यस कम्पनी द्वारा प्रबर्द्धित बभ्काङ अपर सेती २१६ मे.वा. क्षमताको जलविद्युत आयोजनामा यस कम्पनीको तर्फबाट श्री शैलेन्द्र गुरागाईले प्रतिनिधित्व गर्नु भएकोमा सो लाई अनुमोदन गर्ने ।

(५) यस कम्पनी द्वारा प्रबर्द्धित सुपर न्यादी जलविद्युत आयोजना (४०.२७ मे.वा.) मा यस कम्पनीको तर्फबाट श्री दिनेश गुरुङ्गले प्रतिनिधित्व गर्नु भएकोमा सो लाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू :**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ को मुनाफाबाट २० प्रतिशत बोनस शेयर तथा १.०५ प्रतिशत नगद लाभाँश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरणका लागि स्वीकृत गर्ने प्रस्ताव पारित गर्ने ।

(२) आ.व. २०७७।०७८ को मुनाफाबाट प्रस्तावित बोनश शेयर कम्पनीको आठौं वार्षिक साधारण सभाबाट पारित भै बितरण गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी रु. ७०,६९,३२,३६०/- (सत्तरी करोड उनान्सत्तरी लाख बत्तिस हजार तीन सय साठी रुपैया मात्र) को २०० प्रतिशत ( १:२ को अनुपातमा) हकप्रद शेयर निश्कासनको लागि प्रस्ताव गर्ने ।

(३) कम्पनीले बभ्काङ अपर सेती PRoR हाइड्रोपावर प्रोजक्ट ७०.४० मे.वा.को सर्वेक्षण अनुमति पत्रको लागि आवेदन दिएको र सो सम्बन्धमा भए गरेका प्रगति विवरणहरू सभालाई जानकारी गराउने र थप आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी दिने ।

(४) यस कम्पनीले अन्य जलविद्युत कम्पनीलाई प्राप्ती गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र सो सम्बन्धि आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी दिने ।

(५) बोनश तथा हकप्रद शेयर जारी पश्चात पूँजी बृद्धि गर्न प्रबन्धपत्र तथा नियमावली सम्सोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(६) कम्पनीको प्रबन्धपत्र तथा नियमावली सम्सोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र प्रस्तावित संसोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल वा सुभ्काव आएमा आवश्यक सम्सोधन समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी थप जानकारी:

१. वार्षिक साधारण सभामा भाग लिन तथा बोनश शेयर वितरण गर्ने प्रयोजनका लागि मिति २०७८/०५/१८ गते सोमबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ । साथै उक्त मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरूले मात्र कम्पनीको साधारण सभामा भाग लिन तथा बोनश शेयर प्राप्त गर्न सक्ने छ ।

२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरूले आफ्नो परिचय पत्र खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

३. शेयरधनी महानुभावहरूको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ०८:३० वजे देखि ९:३० वजे सम्म खुल्ला रहनेछ ।

४. साधारण सभा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, अनामनगर-२९ काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५. प्रतिनिधि नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौं-२९, अनामनगरमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।